# आर्थिक वर्ष २०७४/०७५ को नीति

कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।०७।०५

फाल्गुनन्द गाँउपालिका
फाक्तेप, पाँचथर
प्रदेश नं. १
२०७४

*फाल्गुनन्द गाँउपालिकाको प्रथम ऐतिहासिक गाँउसभामा गाँउपालिकाका अध्यक्ष श्री अमर कुमार नेम्बाङले प्रस्तुत गर्नुभएको यस गाँउपालिकाको नीति तथा कार्यक्रम*

फाल्गुनन्द गाँउपालिकाको प्रथम ऐतिहासिक गाँउसभाका प्रमुख अतिथि, विशेष अतिथि,
उपस्थित सम्पुर्ण अतिथिगण,
गाँउ सभाका सदस्यज्यूहरु,
विभिन्न राजनीतिक दल, सम्पुर्ण कर्मचारीहरु, सञ्चारकर्मी, सुरक्षाकर्मी, विभिन्न पेशाकर्मी, शिक्षक, विद्यार्थी, उद्योग व्यवसायी,कृषक मजदुर तथा
उपस्थित सम्पुर्ण बुवा-आमा, दाजु-भाई तथा दिदिबहिनीहरु ।

लामो समयसम्मको आम नेपाली जनताको प्रतिक्षा, २०६२/०६३ को जनआन्दोलन, दश बर्षे सशस्त्र संघर्ष, मद्येस आन्दोलन लगायत लोकतन्त्र प्राप्तीका विविध आन्दोलन, दुई पटकसम्म संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै निर्माण गरी जारी भएको नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय गरी तीन शासन व्यवस्थाको प्रावधान भए बमोजिम देशमा ७५३ वटा स्थानीय तहको गठनसँगै भएको स्थानीय तहको निर्वाचन पश्चात फाल्गुनन्द गाँउपालिकाको यस ऐतिहासिक प्रथम गाँउसभामा यस गाँउपालिकाको प्रथम नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा अत्यन्तै खुशी लागेको छ । यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, सशस्त्र संघर्ष, मद्येस आन्दोलन लगायतका संघर्ष तथा यस क्षेत्रका विविध लोकतन्त्र प्राप्तीका आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु । राजनीतिक-सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु । स्थानीय तहको निर्वाचन सम्पन्न गराउन भूमिका खेल्नुहुने सम्बन्धित सबै पक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु तथा यस गाँउपालिका प्राप्तिको संघर्षमा सहयोग गर्नुहुने विभिन्न राजनैतिक दल, उद्योगी, व्यापारी, विभिन्न पेशाकर्मी, शिक्षक, विद्यार्थी, मजदुर लगायत सम्पुर्ण महानुभावहरुप्रति कृतज्ञता व्यक्त गर्दछु । नेपालको संविधान जारी भई स्थानीय तहको गठन भएसकेपछि पहिलोपटक भएको स्थानीय तह निर्वाचनमा फाल्गुनन्द गाँउपालिकाका स्थानीयवासि जनताले

हामिलाई विश्वास गरी भारी मतले विजयी गराउनु भएकोमा फेरि पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

उपस्थित महानुभावहरु,
**अब म यस फाल्गुनन्द गाँउपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

१. अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई जनतालाई अधिकारसम्पन्न तथा वास्तविक अर्थमा सार्वभौम बनाउने स्वागतयोग्य प्रयास गरिएबमोजिम संघीयता र स्थानीय सरकार मार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने जिम्मेवारी आज हाम्रो काँधमा आएको छ । यो जटिल र चुनौतीपूर्ण समयलाई आर्थिक तथा सामाजिक रुपान्तरणको रुपमा उपयोग गरी नँया नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडी बढ्ने महान सङ्कल्पका साथ अबका दिनमा फाल्गुनन्द गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकासका गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिबी न्युनीकरण गर्ने प्रमुख नीति लिइएको छ । यसका लागि सार्वजानिक, नीजि र सहकारी क्षेत्रको साझेदारीमा जोड दिइनेछ । साथै विकास साझेदारका रुपमा रहेका संघसंस्थालाई समेत प्रभावकारी ढंगले परिचालन गरि गरिवी निवारणलाई प्राथमिकता दिईनेछ ।

२. यस क्षेत्रमा सडकको पूर्वाधार विकास तथा निर्माण भएका सडकहरुको स्तरोन्नति गरी गाँउगाँउमा बाटो ल्याउनेतर्फ विशेष प्राथमिकता दिइनेछ । यस गाँउपालिकाका सबै वडाहरुलाई समेटी भित्री चक्रपथ निर्माण गर्न गुरुयोजना तयार गरि यथाशिघ्र कार्यान्वयन गरिनेछ । मागका आधारमा झोलुङ्गे पुलहरुको निर्माण तथा निर्माण भएका झोलुङ्गे पुलहरुको मर्मत संभार गर्न पहल गरिनेछ । नवमीडाँडा देखि आङसराङ (मेहेलबोटे) जोड्न निवुखोलामा पक्की पुल निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ । फाल्गुनन्द गाँउपालिका भित्र रहेका खेल मैदानहरुको पहिचान गर्ने तथा खेल मैदानहरुलाई स्तरिकरण र स्तरोन्नति गरिनेछ । यस

गाँउपालिका क्षेत्रभित्र अब नँया बन्ने घरलाई भूकम्प प्रतिरोधी बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

३. फाल्गुनन्द गाउँपालिका अकबरे, सुन्तला, कागती, नास्पाती, अम्बा, अनार अलैँची लगायत विभिन्न फलफुल तथा अन्नवाली तथा उत्पादनको लागि मौसम अनुकुल छ । यस क्षेत्रमा उत्पादन हुने नगदे बालीको उत्पादन बढाउने तर्फ आवश्यक कार्यक्रमहरु ल्याइनेछ । पशुपालनको रुपमा भैंसी, गाई, सुँगुर, बाख्रा लगायतको व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नुका साथै निर्यात गर्नेतर्फ कार्यक्रमहरु ल्याइनेछ । कृषिलाई व्यवसायीकरण गरि आत्मनिर्भरको प्रमुख पेशाका रुपमा प्रर्वद्धन गरिनेछ । कृषि कार्यक्रमलाई विस्तार गर्नको लागि सफल कृषकहरु पहिचान गरी अनुभव साटासाट गर्नको लागि गाउँपालिका स्तरीय कार्यक्रमको आयोजना गरिनेछ । खेतियोग्य जमिनमा सिँचाइ गर्न आवश्यक पहल गरिनेछ । कृषि तालिम, कि.बि.खेती को विस्तार, विउबिरुवा बितरण, पशु नश्ल सुधारमा अनुदानको ब्यवस्था, सिचाँई तथा प्लास्टिक पोखरी निर्माण, अगुवा कृषक अवलोकन भ्रमण, गोठ सुधार कार्यक्रम, गाउँपालिका क्षेत्र भित्र उत्पादित उत्पादनहरुलाई प्रचार प्रसार लगायतका कार्यहरु गर्नुका साथै बाहिरी बजारसंग पहुँच बढाउन आवश्यक रणनीति अपनाइनेछ ।

४. फाल्गुनन्द गाउँपालिकामा रहेका सिलौटी डाँडा, पौवाभञ्ज्याङ, तिजोक डाँडा, नाम्तोक डाँडा, छ्यालासुकुवा (सेहोनाम्लाङ), फाकोडलिङ, सुकेपोखरी, कागेडाँडा लगायत अन्य थुप्रै प्राकृतिक तथा नाम्सामी-केसामी, युमा माङहिम, सिंहदेवी मन्दिर, चर्च, मस्चिद, विभिन्न गुम्बाहरु, निवुखोला स्थित पवित्र तिर्थस्थल साप्सु आदिजस्ता धार्मिक सम्पदाहरुको संरक्षण तथा संबर्द्धनमा ध्यान दिईनेछ । यस क्षेत्रको पर्यटकीय सम्भाव्यताको अध्ययन गरी पर्यटकहरु आउने पर्यटकीय मार्गहरुको बाटो सुधार गर्ने, होटल, होमस्टे तथा अन्य सेवा उद्योगहरुको संख्या वृद्धि गर्ने, पर्यटन व्यवसाय गर्ने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । यस क्षेत्रको धार्मिक, सांस्कृतिक तथा स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गर्ने, सामाजिक सञ्जाल, एफ.एम रेडियो तथा पत्रपत्रीकाको माध्यमबाट प्रचारप्रसार गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिनेछ । फाल्गुनन्द गाउँपालिकाको सम्वृद्धिको आधारको रुपमा रहेको

पर्यटन क्षेत्रलाई विकासको आधारशिला बनाउन आवश्यक रणनीतिहरु तयार गर्न पर्यटनसंग सम्बन्धीत विज्ञहरुको सल्लाह र सुझाव लिई पर्यटकीय क्षेत्रहरु विविधीकरण गर्न आवश्यक पर्यटकीय गुरु योजना तयार गरिनेछ ।

५. यस गाँउपालिकालाई सार्वजनिक सेवा प्रवाह तथा सूचना तथा सञ्चार प्रविधिमैत्री बनाई विधुतीय शासन (E-Governance) मा प्रवर्द्धन गर्नका लागी ७ ओटै बडा कार्यालयमा इन्टरनेट सेवा उपलब्ध गराई गाँउपालिकाको केन्द्रसँग सिधा कनेक्टीभिटी गरी विधुतीय सूचना पाटि (Electronic Information Board) मार्फत दैनिक आर्थिक प्रशासनिक सेवा प्रवाह सबैको जानकारीको लागी केन्द्रीय कार्यालय परिसरमा डिस्प्ले (Display) गराउने व्यवस्था गरिनेछ । साथै कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।  साथै पञ्जीकरणको कार्य online system मार्फत गर्न प्रभावकारी रुपमा व्यवस्था मिलाईने छ । यस गाँउपालिकाको घरधुरी सर्वेक्षण, सूचना संकलन तथा विश्लेषण गरी निर्धारित ढाँचामा पार्श्वचित्र (Village Profile) निर्माण गरिनेछ र Website मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइने छ । गाँउपालिकाका गतिविधिहरु आम जनतालाई सुसूचित गर्न **फाल्गुनन्द टाइम्स** मासिक रुपमा प्रकाशन गरिनेछ र यसलाई क्रमश व्यवस्थित गर्दै लगिनेछ ।

६. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैंगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अबको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री, वातावरणमैत्री, प्लाष्टिकमुक्त, धुँवामुक्त, पूर्णखोपयुक्त, पूर्णसाक्षर तथा खुला दिसामुक्त वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाका लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाए-नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा सहज

रुपमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ । राज्यले अगिंकार गरेका समावेशीताका सिद्धान्तहरुलाई स्थानीय सरकारमा पनि लागु गरिनेछ । कसैलाई बञ्चितिकरण वा बहिष्करणको आभास आउन दिईने छैन । लिङ्ग, भाषा, धर्म, जात, क्षेत्र वा कुनै पनि विषयको आधारमा भेदभाव वा असमानता हुन दिईने छैन ।

७. सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ । यस कार्यक्रम संघीय सरकार मार्फत सञ्चालन हुने भएपनि लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम समयमा नै प्राप्त गर्ने व्यवस्था मिलाइनेछ । सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्न बैङ्किङ प्रणाली मार्फत वितरण गर्ने नेपाल सरकारको नीति बमोजिम यस गाँउपालिकामा पनि व्यवस्था मिलाइनेछ ।

८. गाउँपालिका भित्रका जनतालाई सुरक्षित खानेपानीको प्रवन्ध मिलाउनका लागि पहल गरिनेछ । खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन खानेपानी आयोजनाहरुको सम्भाव्यता अध्ययन गरी ग्रामिण खानेपानी आयोजनाहरु सञ्चालन गरिनेछ । साविक खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय मार्फत सञ्चालनमा रहेका वहुवर्षिय आयोजनाहरुलाई तोकिएकै समयमा सम्पन्न गर्न थप पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्ने कार्यक्रमहरुलाई प्रथमिकताका साथ ल्याईने छ । फाल्गुनन्द गाउँपालिकामा रहेका सामुदायिक वन, सरकारी वनहरुको संरक्षण र सम्वर्द्धनका लागि विभिन्न सक्रिय समिति गठन गरी समितिलाई प्रभावकारी बनाइने छ । पानीको मुहान सुकाउने रुखहरु पत्ता लगाई त्यस्ता रुखहरुको क्लष्टर छुट्याई अन्य प्रजातीका रुखहरुको वृक्षारोपण गरी पानीका मुहान बढाउने कार्यक्रम संचालन गर्ने र अनावश्यक रुखहरुको विस्थापन र वृक्षारोपण कार्य संग संगै अगाडी बढाइनेछ ।

९. राष्ट्र विकासको एक महत्वपूर्ण क्षेत्र शिक्षा हो । यस गाउँपालिका क्षेत्रमा ४० वटा आधारभूत तथा माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन् । यो आर्थिक वर्ष

देखि यस गाँउपालिकाको प्रत्येक विधालयमा क्रमबद्ध रुपमा अग्रेजी माध्यममा अध्ययन तथा अध्यापन गराईने नीति लिईने छ । विद्यालयभन्दा वाहिर रहेका वालवालिकालाई विद्यालय क्षेत्रभित्र ल्याउनका लागि भर्ना कार्यक्रमहरु, अभिभावकको लागि जनचेतना कार्यक्रमहरु ल्याइनेछ । शिक्षाको संरचना पनि गाउँपालिकामा आइसकेको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम, सवैका लागि शिक्षा, जीवनपर्यन्त शिक्षा, प्रौढ शिक्षा, चेलीवेटी शिक्षा, युवा शिक्षा, लगायतका कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । वालमैत्री स्थानीय शासन कार्यक्रम लगायत वालमैत्री विद्यालय, खेल्दै सिक्दै लगायतका कार्यक्रमहरुलाई समावेश गर्दै लगिनेछ । विद्यालयको पुर्वाधार विकास, वैदेशिक अनुदानलाई गाउँपालिकामार्फत ल्याउने, शिक्षकको पेशागत हकहित तथा कामप्रतिको प्रतिवद्धतामा वृद्धि गरी यस क्षेत्रको साक्षरता दर बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गरिनेछ । शिक्षा क्षेत्रलाई व्यवस्थित तथा थप गुणस्तरीय बनाउनको लागि स्थानीय तहको शिक्षा सम्बन्धि कानुन जस्तै शिक्षा ऐन, नियमावली, निति, नियम बनाई व्यवस्थित गरिनेछ । प्राविधिक शिक्षालाई प्रोत्साहन गरिनेछ । शिक्षक दरबन्दी रही खाली रहेको ठाँउमा तत्काल पूर्ती गरिनेछ, हरेक तहको अध्ययन अध्यापनमा कुनै असर नपर्ने वातावरण तयार गरिनेछ साथै विद्यालय शान्ति क्षेत्र घोषणालाई निरन्तर कार्यान्वयन गर्दै लगिनेछ । शिक्षा क्षेत्रको भौतिक पूर्वाधार निर्माण अर्न्तगत वडाबाट प्राथमिकता क्रम निर्धारण भई आएका योजनाहरुलाई सरकारी तथा गैर सरकारी निकाय मार्फत निर्माण गर्न सहकार्य गरिनेछ ।

१०. **जहाँका जनता स्वस्थ हुन्छन्, त्यस ठाउँको विकास छिटो हुन्छ** भन्ने मान्यतालाई आत्मसात गर्दै यस क्षेत्रमा स्वास्थ्य सेवा अभिवृद्धि गर्नेतर्फ पहल गरिनेछ । गाउँपालिका क्षेत्रभित्रमा स्वास्थ्य चौकि ६ वटा, वर्थिङ सेन्टर ५ वटा र सामूदायिक स्वास्थ्य इकाइ १ वटा मात्र भएकोमा यस क्षेत्रमा स्वास्थ्य चौकि तथा सामूदायिक स्वास्थ्य इकाई स्थापना गर्नका लागि पहल गर्नुका साथै स्थास्थ्य कर्मीको बसाईलाई टिकाइराख्न तथा जनतालाई सर्वसुलभ औषधि उपलब्ध गराउन उचित कार्यक्रमहरु सुरुवात गरिनेछ । नेपाल सरकारको नागरिक स्वास्थ्य विमा कार्यक्रम, **म स्वस्थ मेरो गाउँपालिका स्वस्थ** जस्ता कार्यक्रमहरुलाई अगाडि ल्याइनेछ । स्वास्थ्य कार्यालयको संरचना समेत गाँउपालिकामा आइसकेकोले उक्त स्वास्थ्य कार्यालयमार्फत भएका सम्पुर्ण कार्यक्रमलाई अक्षरसः पालना गरिनेछ । गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाईयुक्त बनाउनका साथै वाल मृत्युदर

तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविका तथा अन्य स्वास्थ्यकर्मीहरु परिचालन गर्न थप पहल गरिनेछ। युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. यस गाउँपालिका क्षेत्रमा अत्यन्तै न्यून संख्यामा बैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छन । यस आर्थिक वर्षमा नेपाल राष्ट्र बैंकको नीति तथा देशका सम्पुर्ण स्थानीय तहमा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ साथै गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी समुहहरु गठन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ। वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ।

१२. यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई काम गर्ने खालको वातावरण सिर्जना गरिनेछ। कर्मचारीहरुको समयानुकुल क्षमता विकास विस्तार गर्न तालिमको व्यवस्था गरिनेछ। यस क्षेत्रमा कर्मचारी सँधै बस्ने, गाउँवासीको पीरमर्का सुन्ने, जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकाका निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ तथा स्थानीय तहमा कर्मचारीको आकर्षण तथा उत्प्रेरणा बृद्धि गर्न प्रोत्साहन भत्ता, पुरस्कार र दण्डको व्यवस्था गरिनेछ। निर्वाचित जनप्रतिनिधि तथा पदाधिकारीहरुलाई समय समयमा क्षमता तथा नेतृत्व विकास तालिम मार्फत सक्षम बनाइने छ।

१३. यस गाउँपालिका क्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ, सक्रिय जनसंख्याको हिस्सा उच्च हुँदा पनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिँदा एकातर्फ गरिबी न्युनीकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोत साधनका समुचित परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ। युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ।

१४. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । वृक्षारोपण गर्ने, सोको लागि संभाव्यता अध्ययन गर्ने, वोटविरुवा काट्न नदिने, राष्ट्रिय जंगली जीवजन्तुको अवैध हत्या, चोरी सिकारी तथा हाडखोडको अवैध पैठारीलाई रोक्न स्थानीय जनसमुदाय सँग सहकार्य गरी कडा कानुनी व्यवस्था गरिनेछ । वातावरणीय सन्तुलन र मानवीय सुरक्षा लगायतका विषयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्राकृतिक प्रकोपसँग जुध्न सक्ने खालका कार्यक्रम सञ्चालन गर्ने, आगलागी नियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण लगायतका विषयलाई महत्वका साथ सम्बोधन गरिनेछ । विपद्को समयमा सहयोग गर्नको लागि गाँउपालिकामा एउटा विपद व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।

१५. उर्जा विकासको महत्वपुर्ण पुर्वाधार हो । यस गाउँपालिका क्षेत्रभित्र वातावरणमैत्री उर्जाको प्रयोगमार्फत यस गाउँपालिकालाई समृद्ध बनाउन प्रयास गरिनेछ । आगामी दिनमा विभिन्न दातृ संस्था तथा नेपाल सरकारसँग सहकार्य गरी वैकल्पीक उर्जाका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । राष्ट्रिय विधुत प्रसारण लाइन मार्फत ग्रामिण विधुतीकरणलाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरिनेछ तथा लघु जलविधुत आयोजनाहरुलाई समेत व्यवस्थित गर्न पहल गरिनेछ ।

१६. यस वर्षलाई फाल्गुनन्द गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक रणनीतिहरु अपनाइनेछ । सबै पक्षसँग हातेमालो गरि गाउँपालिका क्षेत्रभित्रका लागि निर्धारण गरिएको राजश्व उठाउने तर्फ विशेष पहल गरिने छ । योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउनको लागि बस्ती स्तरमै योजना सम्झौताको लागि गाउँपालिकाबाट घुम्ती टोली खटाई सेवा दिने वातावरण तयार पारिनेछ ।

अन्त्यमा,

स्थानीय तहको नँया संरचना सँगै यस गाँउपालिकामा गाँउपालिकाको केन्द्र र वडा केन्द्रहरु अपायक पर्न गएको सन्दर्भमा जनस्तर बाट धेरै गुनासाहरु आएका छन । यसबाट आर्थिक अवस्था कमजोर भएका तथा यातायात, सडक, विजुली आदि जस्ता पूर्वाधारहरुको पँहुच नभएको क्षेत्रको समुदाय सबैभन्दा मर्कामा पर्ने भएकोले यो विषयमा आगामी २०७४ पौष १५ गते भित्रमा न्यायोचित र व्यवहारिक ढंगले समस्याको समाधान गर्ने अठोट गरिएको व्यहोरा अनुरोध गर्दछु । साथै यस पाल्गुनन्द गाँउपालिकाको प्रथम ऐतिहासिक गाँउसभामा पाल्नुहुने सम्पुर्ण महानुभावहरुलाई हार्दिक स्वागत, सम्मान एवम् धन्यवाद व्यक्त गर्दै यस गाँउपालिकाको विकास निर्माण कार्य प्रभावकारी रुपले कार्यान्वयन गर्न गराउन हामी सबैको साझा दायित्व भएकोले सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्दछु ।

## धन्यवाद